**आकाशवाणी समाचार- नेपाली**
**मितिः २७ मई २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु सिक्किमको तीन दिवसीय भ्रमणमा हुनुहुन्छ उहाँले हिजो राज्यमा सुरसुक्षित र पहुँचयोग्य परिवहन सिविधा सुधाधार गर्ने उद्देश्यले महिलाहरूका लागि समर्पि पिंक बसहरूलाई हरियो झण्डा देखाउनु भयो।

- केन्द्र सरकारले घुसपैठ र अन्य कारकहरूबाट हुने जनसांख्यिकीय परिवर्तनका चुनौतीहरूलाई सम्बोधन गर्न उच्चस्तरीय समिति गठन गरेको छ।

- विदेशमन्त्री डा. एस. जयशंकरले हिजो साँझ नयाँ दिल्लीमा अष्ट्रेलियाली विदेशमन्त्री पेनी वोङसँग १७औँ विदेशमन्त्री द्विपक्षीय वार्ताको सह-अध्यक्षता गर्नुभयो।

- वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत र क्यानडाबीचको आर्थिक साझेदारीको अर्को अध्याय आपसी विश्वासमा आधारित हुने बताउनु भयो।

- भारतीय जनता पार्टीका अध्यक्ष नितिन नवीनले हिज "भाजपालाई चिन्नुहोस्" पहलको एक भागको रूपमा नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा १२ देशका मिसन प्रमुखहरूसँग अन्तरक्रिया गर्नु भयो।

- आईपीएल क्रिकेटमा, रोयल च्यालेन्जर्स बैंगलोरले हिजो पहिलो क्वालिफायर म्याचमा गुजरात टाइटन्सलाई ९२ रनले पराजित गर्दै फाइनलमा स्थान बनाएको छ।

**राष्ट्रपति - सिक्किम**

राष्ट्रपति द्रौपदी मुर्मु सिक्किमको तीन दिवसीय भ्रमणका लागि हिज गान्तोक पुग्नु भयो।आफ्नो भ्रमणको पहिलो दिन, राष्ट्रपतिले राज्यमा सुरसुक्षित र पहुँचयोग्य परिवहन सिविधा सुधाधार गर्ने उद्देश्यले महिला हरूका लागि समर्पि पिंक बसहरूला ईहरियो झण्डा देखाउनु भयो। राष्ट्रपतिले सिक्किमको समृद्ध्ध पारिस्थितिक र पुष्प सम्पदाको अवलोकन गर्न रिज पार्कमा रहेको अर्किडेरिडेरियमको पनि भ्रमण गरि त्यसको अवलोकन गर्नु भयो। उहाँले दुर्लभ पाण्डुलिपि र बौद्ध सांस्कृतिक कला कृतिहरूको संरसंक्षणका लागि प्रसिद्ध नामग्या तिब्बत विज्ञान संस्संथानको पनिभ्रमण गर्नु भयो। भ्रमणको दोस्रो दिन आज, राष्ट्रपतिले नाथुला पासको भ्रमण गर्नुहुर्नुहुनेछ। उहाँले सिक्किम विश्वविद्यालयको 7 औ दीक्षान्त समारोहमा भाग लिनुहुनुहुनेछ। आफ्नो भ्रमणको अन्तिम दिन, उहाँले सिक्किम पुलिसलाई प्रतिष्ठित "राष्ट्रपति पुलिस ध्वज" प्रदान गर्नुहुर्नुहुनेछ। यसका साथै,सिक्किम यो प्रतिष्ठत सम्मान प्राप्त गर्ने देशको 15औं राज्य बन्नेछ।

**जनसांख्यिकीय परिवर्तन(DEMOGRAPHIC CHANGE)**

केन्द्र सरकारले घुसपैठ र अन्य कारकहरूबाट हुने जनसांख्यिकीय परिवर्तनका चुनौतीहरूलाई सम्बोधन गर्न उच्चस्तरीय समिति गठन गरेको छ। केन्द्रीय गृहमन्त्री अमित शाहले सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै समितिको अध्यक्षता सर्वोच्च अदालतका पूर्व न्यायाधीश प्रकाश प्रभाकर नाओलेकरले गर्ने बताउनु भएको छ। जनगणना आयुक्तसँगै पूर्व आईएएस अधिकारी दुर्गा शंकर मिश्रा, पूर्व आईपीएस अधिकारी बालाजी श्रीवास्तव र अर्थशास्त्री डा. शमिका रविलाई समितिको सदस्यमा नियुक्त गरिएको छ। गृह मन्त्रालयका एक सहसचिव सदस्य सचिवको रूपमा काम गर्नेछन्। श्री शाहले घुसपैठ र अन्य कारकहरूबाट हुने

अप्राकृतिक जनसांख्यिकीय परिवर्तन कुनै पनि राष्ट्रको वर्तमान र भविष्यको लागि प्रमुख चुनौती भएको बताउनु भयो। उहाँले जनसांख्यिकीय परिवर्तन एक गम्भीर मुद्दा भएको र यो देशको सार्वभौमिकता मात्र होइन, राष्ट्रिय सुरक्षा, कानून र व्यवस्था, सामाजिक संरचनामा गहन परिवर्तन र आदिवासी समाजको संरक्षणसँग पनि सम्बन्धित रहेको बचाउनु भयो। गृहमन्त्रीले भन्नु भयो, यस समितिले अवैध बसाइँसराइ र अन्य अप्राकृतिक कारणहरूले गर्दा भारतभरि हुने जनसांख्यिकीय परिवर्तनहरूको व्यापक मूल्याङ्कन गर्नेछ। यसले धार्मिक र सामाजिक समुदायहरूको स्तरमा हुने असामान्य जनसंख्या परिवर्तनहरूको ढाँचाहरूको पनि विश्लेषण गर्नेछ र योजनाबद्ध र समयबद्ध समाधान प्रस्ताव गर्नेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले गत वर्ष लाल किल्लाबाट आफ्नो स्वतन्त्रता दिवसको भाषणमा जनसांख्यिकीय परिवर्तनसम्बन्धी उच्चस्तरीय समिति गठनको घोषणा गर्नु भएको थियो।

BYTE

**जयशंकर- अष्ट्रेलिया**

विदेशमन्त्री डा. एस. जयशंकरले हिजो साँझ नयाँ दिल्लीमा अष्ट्रेलियाली विदेशमन्त्री पेनी वोङसँग १७औँ विदेशमन्त्री द्विपक्षीय वार्ताको सह-अध्यक्षता गर्नुभयो। डा. जयशंकरले हिन्द-प्रशान्त क्षेत्र, पश्चिम एसियाको अवस्था र विश्वव्यापी तथा बहुपक्षीय मुद्दाहरूमा केन्द्रित छलफल भएको बताउनु भयो। उनीहरूले दुई देशहरू बीचको व्यापक रणनीतिक साझेदारीको प्रगतिको समीक्षा गरे। डा. जयशंकरले परमाणु ऊर्जा उत्पादनको लागि युरेनियमको आपूर्ति सहित ऊर्जा क्षेत्रमा सहयोग विस्तार भइरहेको उल्लेख गर्नु भयो। उहाँले दुई देशले महत्वपूर्ण खनिजहरूको व्यापारमा पनि काम गरिरहेको उल्लेख गर्नु भयो।

**भारत-रोमानिया**

भारत र रोमानियाबीच हिजो नयाँ दिल्लीमा रक्षा सहयोग सम्बन्धी संयुक्त समितिको दोस्रो बैठक सम्पन्न भयो। बैठकले दुई देशहरू बीच जारी रक्षा सहयोगको समीक्षा गर्‍यो र प्रमुख क्षेत्रहरूमा सहयोग बढाउने तरिकाहरूबारे छलफल गर्‍यो। दुवै पक्षले साइबर सुरक्षा, सैन्य चिकित्सा सहयोग, संयुक्त तालिम, क्षमता विकास र रक्षा औद्योगिक सहयोगमा पारस्परिक रक्षा सहयोग योजनालाई अन्तिम रूप दिए। बैठकको सह-अध्यक्षता रक्षा मन्त्रालयका सहसचिव र रोमानियाको रक्षा नीति, योजना र अन्तर्राष्ट्रिय सम्बन्ध विभागका उपप्रमुखले गरेका थिए।

**गोयल- क्यानडा**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत र क्यानडाबीचको आर्थिक साझेदारीको अर्को अध्याय आपसी विश्वासमा आधारित हुने बताउनु भयो, जसले दुवै देशको साझा समृद्धिलाई अगाडि बढाउनेछ। क्यानडाको टोरन्टोमा आयोजित 'राजनीतिक पुनर्स्थापनादेखि व्यावसायिक वितरणसम्म' मन्त्रीस्तरीय पूर्ण सत्रलाई सम्बोधन गर्नु हुँदै श्री गोयलले दुई देशबीच बढ्दो विश्वासले नयाँ व्यापार र लगानीका अवसरहरूको ढोका खोलिरहेको बताउनु भयो। उहाँले भन्नु भयो, भारत र क्यानडाले बृहत् आर्थिक साझेदारी सम्झौतालाई अगाडि बढाउन सँगै काम गरिरहेका छन्। भारतीय अर्थव्यवस्थाको बारेमा, श्री गोयलले भन्नु भयो, भारत आगामी तीन दशकसम्म विश्वको सबैभन्दा द्रुत गतिमा बढ्दो ठूलो अर्थव्यवस्था हुनेछ।

**त्रिपुरा मुख्यमन्त्री- प्रधानमन्त्री**

त्रिपुराका मुख्यमन्त्री डा. माणिक साहाले हिज नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेर राष्ट्रप्रति समर्पित बाह्र वर्ष पूरा गरेकोमा बधाई दिनु भयो। प्रधानमन्त्रीको दूरदर्शी नेतृत्वलाई उजागर गर्नु हुँदै मुख्यमन्त्रीले देशको पूर्वाधारको रूपान्तरण, डिजिटल इन्डिया अभियान, स्वच्छ भारत, आयुष्मान भारत र प्रधानमन्त्री आवास योजना जस्ता कल्याणकारी योजनाहरू सहित प्रमुख राष्ट्रिय पहलहरूको प्रशंसा गर्नु भयो। भेटघाटको क्रममा, मुख्यमन्त्री साहले प्रधानमन्त्रीलाई पवित्र माता त्रिपुरा सुन्दरी मन्दिर र यसको सुन्दर पुनर्विकसित परिसरको फोटो फ्रेम प्रदान गर्नु भयो, जुन केन्द्र सरकारको प्रसाद योजना अन्तर्गत रूपान्तरण गरिएको थियो।

**भाजपा-राजनयिक संवाद**

भारतीय जनता पार्टीका अध्यक्ष नितिन नवीनले हिज "भाजपालाई चिन्नुहोस्" पहलको एक भागको रूपमा नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा १२ देशका मिसन प्रमुखहरूसँग अन्तरक्रिया गर्नु भयो। उहाँले ब्राजिल, जर्मनी, इन्डोनेसिया, मलेसिया, मौरिसस, न्यूजील्याण्ड, सेशेल्स, सिंगापुर, दक्षिण अफ्रिका, श्रीलंका, थाइल्याण्ड र भियतनामका प्रतिनिधिहरूलाई स्वागत गर्नु भयो। अन्तरक्रियाको क्रममा, श्री नवीनले भारतीय जनता पार्टीको यात्रा, यसको विचारधारा, संगठनात्मक शक्ति र सार्वजनिक सेवाप्रति पार्टीको प्रतिबद्धताको बारेमा जानकारी साझा गर्नुभयो।

## राष्ट्रिय मानव अधिकार

राष्ट्रिय मानव अधिकार आयोग (**एन.एच.आर.सी**) ले १९ मईमा रेवाडी जिल्लाको औद्योगिक क्षेत्रमा रहेको रासायनिक कारखानामा भएको विस्फोटको सम्बन्धमा हरियाणाका मुख्य सचिव र रेवाडीका पुलिस अधीक्षकलाई सूचना जारी गरेको छ। कारखानाको चिलिंग प्लान्टमा भएको विस्फोटका कारण आगलागी भएको थियो। दुर्घटनामा घाइते भएका एक कामदारको २० मईमा अस्पतालमा मृत्यु भएको थियो भने अन्य दुई कामदारको अवशेष कारखानाबाट निकालिएको थियो।

## हाइड्रोजन रेल

रेल मन्त्रालयले देशको पहिलो हाइड्रोजनबाट चल्ने १० डब्बाको डी.ई.एम.यू. रेल सञ्चालनलाई स्वीकृति दिएको छ। यो निर्णय रेलवे क्षेत्रमा हरित र दिगो यातायातलाई प्रवर्द्धन गर्ने दिशामा एक महत्वपूर्ण कदम हो। यो रेल जिन्द र सोनीपत बीच प्रति घण्टा ७५ किलोमिटरको अधिकतम गतिमा चल्नेछ।

## सर्वोच्च अदालत

सर्वोच्च अदालतले १९८३ मा बिहारमा भएको पाँच जनाको हत्या प्रकरणमा धेरै दोषीहरूको सजायलाई कायम राखेको छ र घटनाको क्रूरताले न्यायिक विवेकलाई स्तब्ध पारेको बताएको छ। न्यायाधीशहरू संजय करोल र एन. कोटिश्वर सिंहको पीठले हिजो तल्लो अदालत र पटना उच्च अदालत दुवैले यस मुद्दामा कुनै सहानुभूति वा उदारताको लागि कुनै ठाउँ नभएको ठहर गर्नु सही भएको बताएको छ। पटना उच्च अदालतको अगस्ट २०१७ को निर्णयलाई चुनौती दिने दोषीहरूको पुनरावेदनमा सर्वोच्च अदालतले आफ्नो फैसला सुनायो।पटना उच्च अदालतले तल्लो अदालतले दोषीहरूलाई सुनाएको दोषी ठहर र आजीवन कारावासको सजायलाई कायम राखेको थियो।

## नासा -चन्द्रमा

अमेरिकी राष्ट्रिय वैमानिकी तथा अन्तरिक्ष प्रशासन (नासा) ले चन्द्रमामा आफ्नो आधार स्थापना गर्न पठाउने रोबोटिक ल्यान्डर, हपिङ ड्रोन र अन्य सवारी साधनहरूको विवरण जारी गरेको छ। अमेरिकाले २०२८ मा राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकाल समाप्त हुनुभन्दा अघि अमेरिकीहरूलाई चन्द्रमामा अवतरण गर्ने योजना बनाएको छ।

## आईपीएल

आईपीएल क्रिकेटमा, रोयल च्यालेन्जर्स बैंगलोरले हिजो पहिलो क्वालिफायर म्याचमा गुजरात टाइटन्सलाई ९२ रनले पराजित गर्दै फाइनलमा स्थान बनाएको छ। प्रतियोगिताको एलिमिनेटर म्याच आज सनराइजर्स हैदराबाद र राजस्थान रोयल्सबीच मोहालीको नयाँ चण्डीगढमा खेलिनेछ। म्याच साँझ ७ बजेर ३० मिनटमा सुरु हुनेछ। विजेता टोलीले शुक्रबार दोस्रो क्वालिफायरमा गुजरात टाइटन्सको सामना गर्नेछ भने फाइनल म्याच ३१ मईमा अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा खेलिनेछ।